माननीय आर्थिक मामिला मन्त्री बहादुर सिंह थापाले
सुदूरपश्चिम प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०८२ का
# सिद्धान्त र प्राथमिकता

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
२०८२ जेठ, ११

***https://moea.sudurpashchim.gov.np***

**माननीय सभामुख महोदय,**

१. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ११ बमोजिम आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

२. राष्ट्रप्रति समर्पित भई राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्दछु। नेपालको समग्र राजनीतिक परिवर्तनका क्रममा भएका आन्दोलनका घाइते र बेपत्ता भएका नागरिकहरूप्रति सम्मान प्रकट गर्दै त्यस्ता युगान्तकारी प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रज तथा शिखर व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

साथै, आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरिने बजेट प्रदेशको योजनाबद्ध विकास प्रयासमार्फत उपलब्ध स्रोत साधनको कुशलतम् र प्रभावकारी परिचालन गरी रोजगारी सिर्जना, गरिबी निवारण, आर्थिक सुधार, कृषिक्षेत्रको व्यवसायीकरण, प्रसार र विश्वसनीय वितरण, पर्यटन पूर्वाधारको विकास, औद्योगिक क्षेत्रको विकास, निकासी प्रवर्द्धन, डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्रको निर्माण, गुणस्तरीय र जीवनोपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, मानवपूँजी निर्माण, युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, भौतिक पूर्वाधार तथा आवास विकास, खानेपानी तथा सरसफाई, भूमि व्यवस्था, जलवायू परिवर्तन र विपद् व्यवस्थापन, सामाजिक न्याय र समावेशी विकास, सामाजिक सुरक्षा, वित्तीय क्षेत्रको सुदृढीकरण, वित्तीय संघीयता कार्यान्वयन, बजेट प्रणालीको सुदृढीकरण, विकास वित्तको विस्तार, राजस्व प्रणालीको सुदृढीकरण, कानुनी शासन, मानव अधिकार र सुशासन प्रवर्द्धन भई नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणतर्फ केन्द्रित हुने विश्वास लिएको छु।

३. विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता निर्धारण गर्दा नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हक, प्रदेशको प्रथम पञ्चवर्षीय योजना र मध्यमकालीन खर्च संरचनालाई प्रमुख मार्गदर्शनको रूपमा लिएको छु।

**माननीय सभामुख महोदय,**

आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयक प्रस्तुत गर्दा देहायका सिद्धान्तलाई आधार बनाउन आवश्यक ठानेको छुः

(क) **सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासनः** सार्वजनिक खर्चको आवश्यकता र औचित्य विश्लेषणका आधारमा खर्चको प्राथमिकीकरण गर्दै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गरिनेछ। उच्च प्रतिफल हासिल हुने आयोजनामा स्रोतको उपयोग र दिगोपना सुनिश्चित गरिनेछ। सार्वजनिक वित्त सन्तुलन कायम गर्न राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ।

(ख) **व्यवसायमैत्री वातावरणको सिर्जना र लगानी प्रवर्द्धनः** व्यवसायमैत्री वातावरणको सिर्जना र लगानी प्रवर्द्धनका लागि कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई निरन्तरता दिइनेछ र

सार्वजनिक-निजी साझेदारीमा रूपान्तरणकारी, वातावरणमैत्री, लागतप्रभावी र पुनरूत्थानशील भौतिक पूर्वाधारको विकास र विस्तार गरिनेछ।

(ग) **विकासमा सहकार्य र समन्वयः** सन्तुलित र समावेशी विकासका लागि तीनै तह तथा सार्वजनिक-निजी-सामुदायिक क्षेत्रको समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ। संघीय इकाईहरूको अधिकारसूचीलाई बजेट निर्माणको मुख्य आधार मानिनेछ।

(घ) **सामाजिक-साँस्कृतिक रूपान्तरण, सामाजिक न्याय र समताः** विकासको मूलधारबाट टाढा परेका/पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताका लागि सशक्तीकरण, क्षमता विकास, स्वरोजगार, सामाजिक सुरक्षा, आरक्षण जस्ता कार्यक्रम सञ्चालन गरी समावेशी र अधिकारमुखी अवधारणाको अभ्यास गर्ने नीति अंगीकार गरिनेछ। शासन र विकासको प्रतिफलमा समन्यायिक पहुँच कायम गर्दै वञ्चितीकरण हटाउन स्रोतको समुचित बाँडफाँट र उपभोगमा हिस्सेदारी सुनिश्चित गर्ने वितरण प्रणालीको विकास गरिनेछ।

(ङ) **नागरिकमैत्री सेवा प्रवाह र सुशासनः** सार्वजनिक निकायमा संस्थागत सुधार, पारदर्शिता, स्वच्छता र निष्पक्षता प्रवर्द्धन गर्दै वित्तीय अनुशासन, भ्रष्टाचारमा शून्य सहनशिलता र सुशासन प्रबर्द्धन गर्दै सार्वजनिक संस्थाप्रति नागरिकको विश्वास अभिबृद्धि गरिनेछ। सार्वजनिक सेवामा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग र विस्तार गरिनेछ।

**माननीय सभामुख महोदय,**

आगामी आर्थिक वर्षको विनियोजन विधेयक प्रस्तुत गर्दा देहाय बमोजिमको क्षेत्रगत प्राथमिकता तय गर्न उपयुक्त ठानेको छुः

**(क) कृषिको व्यवसायीकरणः** कृषि क्षेत्रको व्यवसायीक र आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व बढाई खाद्य सुरक्षा सुनिश्चित गर्न आवश्यक कार्यक्रम तय गरिनेछ। सामुहिक तथा करार खेती, प्रांगारिक तथा रैथाने खेती, कृषि उपजको थोक बजार, सुरक्षित भण्डारण र विषादी परिक्षण तथा कृषि फर्ममार्फत व्यवसायिक खेती प्रबर्द्धन गर्न विशेष प्रोत्साहन गरिनेछ। आधुनिक तथा प्रविधिमा आधारित खेती प्रणालीका लागि गुणस्तरीय बीउ र प्राविधिक सेवा, वित्तीय पहुँच, रासायनिक मलको सहज आपूर्ति र सिञ्चित क्षेत्रको विस्तार गरिनेछ। कृषि क्षेत्रमा संलग्न रहेका निम्नवर्गका कृषकहरूको जीवनयापनमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्छीजन्य उत्पादन बृद्धिका लागि नश्ल सुधार र बजार व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ। कृषिलाई सम्मानित र मर्यादित पेसाका रूपमा विकास गर्दै सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहलगानीमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि हुने विश्वास लिएको छु।

**(ख) पर्यटन क्षेत्रको विकास र विस्तारः** प्रादेशिक आयमा पर्यटन क्षेत्रको योगदान बढाउन धार्मिक, सांस्कृतिक, आरोग्य, साहसिक र पर्यापर्यटन पूर्वाधारको विकास तथा पुरातात्विक सम्पदाको संरक्षणलाई प्राथमिकता दिइनेछ। साथै, प्रदेशका प्राकृतिक, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक-साँस्कृतिक, आध्यात्मिक महत्वका र साहसिक पर्यटकीय क्षेत्रहरूको संरक्षण, संबर्द्धन, उपयोग र प्रचारप्रसार गरिनेछ। ग्रामिण पर्यटनको विकासको लागि होमस्टेलाई प्रबर्द्धन गरिनेछ।

(ग) **रोजगारी सिर्जना, स्वरोजगार प्रबर्द्धन, गरिबी निवारण तथा मानव पूँजी निर्माणः** बजारको माग अनुरुप सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी उद्यमशिलता विकास र स्वरोजगार प्रबर्द्धनमार्फत वैदेशिक रोजगारी माथिको निर्भरता घटाउँदै लगिनेछ। गरिबीको रेखामुनी रहेकालाई लक्षित गरी ठोस तथा प्रभावकारी कार्यक्रम तय गरिनेछ। प्रदेशमा आर्थिक असमानता कम गर्न उपलब्ध स्रोत साधनको विनियोजनमा सामाजिक न्याय र समतामा जोड दिइनेछ। प्रादेशिक अर्थतन्त्रमा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, रोजगारी सिर्जना र राष्ट्रिय पुँजी निर्माणमा ठोस योगदान गर्ने आधारहरूको विकास गर्न समुचित नीति अख्तियार गरिनेछ।

(घ) **गुणस्तरीय शिक्षाः** शिक्षालाई सर्वसुलभ, जीवनोपयोगी, सीपयुक्त, प्रतिस्पर्धी, नवप्रवर्तनमा आधारित सक्षम जनशक्ति उत्पादनमैत्री बनाइनेछ। प्रदेश अन्तरगतका विश्वविद्यालयलाई नीतिगत प्रावधानमार्फत विज्ञान प्रविधी, अध्ययन अनुसन्धान र नवप्रवर्तनतर्फ उन्मुख गराइनेछ। शिक्षाको गुणस्तर र शैक्षिक पूर्वाधारको निर्माणलाई प्राथमिकताका साथ सुधार गर्न संघ र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ।

(ङ) **गुणस्तरीय स्वास्थ्य सेवाः** आधारभूत स्वास्थ्य सेवा, महामारी नियन्त्रण, नसर्ने रोग नियन्त्रण र विशिष्टीकृत स्वास्थ्य सेवामा आमजनताको सरल, सहज र समान पहुँचको सुनिश्चितता गरिनेछ। स्वास्थ्य पूर्वाधार, आधुनिक स्वास्थ्य यन्त्र-उपकरण र दक्ष जनशक्तिको विकासमा जोड दिइनेछ। साथै, आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा पद्धति र योगको विकास र अभ्यासलाई प्रोत्साहन गरिनेछ।

(च) **डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्र निर्माणः** सूचना प्रविधिको माध्यमबाट नागरिकलाई प्रदान गरिने सेवालाई सरल, मितव्ययी र सेवाग्राहीमैत्री बनाई सूचना प्रविधिको प्रयोगलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाइनेछ। प्रदेशिक तथ्याङ्कको उत्पादन, अभिलेखन र प्रतिवेदनलाई सूचना प्रविधिमा आधारित बनाई एकीकृत तथ्याङ्क प्रणालीको विकास गरिनेछ। डिजिटल पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

(छ) **सामाजिक न्याय र समावेशी विकासः** समावेशी विकासका लागि प्रदेशमा रहेका दलित, महिला, आदिवासी/जनजाति, थारु, मुक्त कमैया, हलिया, अपाङ्गता भएका र विभेद तथा बहिष्करणमा परेका/पारिएका जातजाति, क्षेत्र र समुदायको उत्थानका लागि सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। त्यस्ता वर्ग र समुदायको स्रोत साधन तथा अवसरमा पहुँच बृद्धि गरिनेछ। सबै प्रकारका विभेद, कुरिती, अन्धविश्वास र छुवाछुत हटाउन प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) **यूवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिः** आर्थिक क्रियाकलापमा यूवा तथा महिलाको सार्थक सहभागिता सुनिश्चितता गरी प्रदेशको समृद्धिमा योगदान बढाउन वित्तीय पहुँच र उद्यमशिलता विकास लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकको सम्मान र संरक्षण तथा युवाका लागि खेलकुद पूर्वाधार विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा सहभागि हुन प्रोत्साहन गरिनेछ। लैङ्गिक हिंसा र मानव वेचविखन नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिलाई राज्यबाट प्रदान गर्ने सुविधा व्यवस्थित गरिनेछ। महिला, बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्य स्थितीमा सुधारका लागि पोषण सम्बन्धी

कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिकाको संरक्षण, बालअधिकार र बालविकास सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा प्रदेशभित्रका बाल सुधार गृहलाई व्यवस्थित गरिनेछ।

(झ) **गुणस्तरीय भौतिक पूर्वाधार विकासः** प्रदेशभित्र निर्माणाधिन प्रदेश गौरव, रूपान्तरणकारी, बहुवर्षीय तथा स्रोत सुनिश्चित भएका आयोजना र रणनैतिक महत्वका ऊर्जा, यातायात, संचार, आवास तथा सहरी विकास, सिंचाई, खानेपानी तथा सरसफाई लगायतका संरचनाको निर्माण र विस्तारलाई उच्च प्राथमिकता दिइनेछ। नयाँ निर्माण गरिने भौतिक पूर्वाधारका आयोजनामा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ। उर्जा क्षेत्रको विकास गर्न जलविद्युत उत्पादन र प्रसारणलाई प्राथमिकता दिइ संघ र स्थानीय तहसँग सहकार्य गरी निजी क्षेत्रको लगानी परिचालन गर्न प्रोत्साहित गरिनेछ।

पूर्वाधार विकासको गुणस्तर परीक्षण र मर्मत सम्भार सम्बन्धी मापदण्ड निर्माण गरी अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ। जलवायु परिवर्तन अनुकलुन तथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ र विपद्‌बाट हुने क्षति न्यूनिकरण गर्न सुरक्षित, वातावरणमैत्री, बलिया र गुणस्तरीय उत्थानशील पूर्वाधारको विकासमा जोड दिइनेछ। आर्थिक र सामाजिक रूपमा विपन्न, भूमिहीन, आवासविहीन र विपद्‌को उच्च जोखिममा रहेका समुदायका जनताका लागि व्यवस्थित आवासको प्रबन्ध मिलाइनेछ।

(ञ) **बजेट प्रणाली सुधार, विनियोजन दक्षता र कार्यान्वयन क्षमता अभिवृद्धिः** विनियोजन कुशलता, बजेट कार्यान्वयन दक्षता र खर्च प्रणाली तथा वित्तीय अनुशासनमा सुधार गरी बजेट प्रणालीलाई अनुमानयोग्य बनाई सीमित स्रोत साधनबाट अधिकतम प्रतिफल हाँसिल गर्न जोड दिइनेछ। आयोजना छनोट तथा विनियोजन गर्दा प्रदेश आयोजना बैंकमा प्रविष्ट एवम् स्वीकृत भएका, सडक सञ्जाल गुरूयोजनामा समावेश भएका, पूर्वतयारी सम्पन्न भएका, प्रादेशिक आवश्यकता र आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा पुँजी निर्माणमा योगदान पुऱ्याउने ठुला र रूपान्तरणकारी आयोजनालाई उच्च प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गरिनेछ। साना, छरिएका, दोहोरो परेका, स्रोत सुनिश्चित नभएका, सम्पन्न हुन लामो समय लाग्ने र अनुत्पादक आयोजनाहरू कटौती गरिनेछ। क्रमागत योजनालाई पुनःप्राथमिकीकरण, पुनःसंरचना वा स्थगन गरिनेछ। आगामी आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गरिनेछ।

(ट) **राजस्व प्रणालीको सुदृढीकरणः** राजस्व प्रशासनको व्यवसायिकता र दक्षता अभिबृद्धि गर्न उत्पादन र लगानीमैत्री राजस्व नीति तय गरिनेछ। करको दर र दायरा विस्तार तथा स्वेच्छिक कर परिपालनालाई प्रोत्साहित गरिनेछ। आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन संविधानप्रदत्त आर्थिक अधिकारको पूर्णरूपमा प्रयोग, राजस्वका सम्भावनाको पहिचान र चुहावटलाई नियन्त्रण गरी राजस्व संकलन बृद्धि गरिनेछ। प्रादेशिक कर कानुनहरूमा रहेका अस्पष्टता र द्विविधा हटाउन आवश्यक परिमार्जन गरिनेछ। राजस्व सुधार कार्ययोजना तयार गरी राजस्व परिचालनलाई व्यवस्थित गरिनेछ।

(ठ) **दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापनः** जलवायु परिर्वतन अनुकुलन न्यूनिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। विपद्‌बाट हुने क्षति न्यूनिकरण गर्न सबै तह र क्षेत्रसँग समन्वय र सहकार्य गर्ने र यससम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गरिनेछ। भूकम्प, बाढी

पहिरो लगायत विपद्जन्य कारणबाट क्षतिग्रस्त आवास संरचनाहरूको पुनर्निर्माण गरिनेछ। भौतिक पूर्वाधार विकास तथा आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन, जैविक विविधता, वातावरण संरक्षण तथा पर्यावरणीय सन्तुलनलाई मध्यनजर गरी हरित विकासको प्रवर्द्धन गरिनेछ। दीगो विकासका राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन वातावरणमैत्री र हरित विकासको अवधारणालाई प्रदेश योजना, नीति, कानून एवम् कार्यक्रममा आन्तरिकीकरण तथा स्थानीयकरण गरिनेछ।

(ड) **संघीयता कार्यान्वयनः** संघ, प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयन, अन्तरतह समन्वय सुदृढीकरण, वित्तीय हस्तान्तरणलाई समन्यायिक र वित्तीय जवाफदेहितालाई बलियो बनाउन रणनीतिक मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ। स्थानीय तहबाट प्रदेश सरकारले प्राप्त गर्नुपर्ने प्राकृतिक स्रोतको दस्तुर प्राप्तिका लागि आवश्यक समन्वयको नीति अवलम्बन गरिनेछ।

(ढ) **सार्वजनिक-निजी-सहकारी साझेदारी र लगानीमैत्री वातावरण निर्माणः** सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच समन्वय, सहकार्य, सहलगानी र सहवित्तीयकरणको माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरिनेछ। यसका लागि आवश्यक नीतिगत, संस्थागत र प्रकृयागत सुधार गरी लगानीमैत्री वातावरण निर्माण गरिनेछ। विकास साझेदार तथा गैर-सरकारी क्षेत्रबाट संचालित कार्यक्रमलाई प्रदेश सरकारका कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेश प्राथमिकताका उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ।

**माननीय सभामुख महोदय,**

४. विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकताका आधारमा तयार हुने बजेट तथा कार्यक्रमको इमानदार र प्रभावकारी कार्यान्वयनबाट प्रदेशमा विद्यमान शासकीय, आर्थिक-सामाजिक, वातावरणीय लगायतका समस्या र चुनौतीको सम्बोधन हुनुका साथै सिर्जित अवसरहरूको उपयोग गर्न सकिने र प्रदेशको प्रथम पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, विगत सरकारका नीति तथा कार्यक्रम बमोजिमका लक्ष्य, उद्देश्य हासिल हुनेमा विश्वास लिएको छु।

५. विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा यस सम्मानित प्रदेश सभामा छलफल भई माननीय सदस्यहरूबाट विश्लेषणात्मक, यथार्थपरक र सिर्जनात्मक सुझावहरू प्राप्त हुने मैले अपेक्षा गरेको छु। सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ११ को उपदफा २(१) बमोजिम सम्मानित प्रदेश सभाबाट प्राप्त हुने सुझावलाई आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरी बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने विश्वाससमेत दिलाउन चाहन्छु।

**धन्यवाद**